**Surkhet Journal**
[A Peer-Reviewed, Open-Access, Indexed in NepJOL, DOI, Multidisciplinary Journal]
ISSN 2362-1230 (Print)
Published by the Research Management Cell (RMC)
Surkhet Multiple Campus, Birendranagar, Surkhet
Tribhuvan University
**DOI:https://doi. org/10. 3126/surkhetj. v3i1. 84740**

# महाकवि लक्ष्मीप्रसाद देवकोटाको ‘मुनामदन’ खण्डकाव्यको विश्लेषण

*Received on 18 July, 2025; Accepted on 13 August, 2025; Published on September, 2025*

**सर्पराज रोकाय**
पिएचडि, उपप्राध्यापक, मध्यपश्चिम विश्वविद्यालय
भेरी बहुमुखी क्याम्पस गुमी, सुर्खेत
https://orcid.org/0009-0008-3157-6172

## लेखसार

*प्रस्तुत लेखमा नेपाली साहित्यका विभिन्न विद्यामा कलम चलाएर नेपाली साहित्यलाई शिखरमा पुऱ्याउने महाकवि लक्ष्मीप्रसाद देवकोटाको सर्वाधिक प्रकाशित र सर्वाधिक बिक्रीवितरण हुने ‘मुनामदन’ खण्डकाव्यको विवेचना र मूल्याङ्कन गरिएको छ । आमाको सामाजिक कार्य अन्तर्गत पाटी पौवा वनाउने र आ▯नी श्रीमतीका हातमा सुनका वाला लगाइदिनका लागि ल्हासा धन कमाउन गएको प्रसङ्गले पहिलेको समाज पनि भौतिकवादी तिर लागेको कुरा स्पष्ट भएको छ । यो मुनामदन खण्डकाव्य कृतिलाई सबै नेपाली साहित्यका पाठक वर्गहरूले सधैंभरी सम्भिmरहने छन् भन्ने आशा राखिएको छ ।*

***शब्दकुञ्जी*** : प्रेरणा, लोकगाथा, रतिरागात्मक, मानवतावाद, इरादा, शीर्षक, भाषाशैली

## विषयप्रवेश

महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६–२०१६) लोकसात्यिका प्रवर्तन कविका रूपमा चिनिन्छन् । नेपाली साहित्यका क्षेत्रमा संस्कृत छन्दको अत्याधिक एक नयाँ विशेषता भित्र्याउने काम देवकोटाबाट भएको हो । मुनामदन खण्डकाव्य सबै नेपाली पाठक वर्गहरूको जिब्रोमा टप्पिएको रसिलो जनसाहित्यका रूपमा देखापरेको छ । मुनामदन खण्डकाव्यलाई नेपाली साहित्यकै सर्वश्रेष्ठ कृतिका रूपमा लिएको छ । स्वयम् देवकोटाले पनि यस कृतिलाई मनपराएका छन् । यो कृति मन पर्नुको कारण संवाद, दृश्य, हावभाव र चरित्रहरूले नेपाली जातिको साझा रूप देखाएको छ । नाच घरमा यसको प्रस्तुत गर्दा हजारौं हजार दर्शकको आँखा आँसुले रसाएका थिए । यो खण्डकाव्य प्रत्येक नेपालीको ढुकढुकी बनेको छ, आत्मा बोलेको छ र अनीहरूको ह्दय रसाएको छ ।

## समस्याकथन

महाकवि लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यहरूको विश्लेषण गर्ने क्रममा मुनामदन खण्डकाव्य के कस्तो खण्डकाव्य हो । यसमा परिवेश, पात्र, भाव र विचार, लय, बिम्ब र प्रतीक, भाषाशैली, शीर्षकको सार्थथकता आधारमा के कस्ता समस्या रहेका छन् भन्ने समस्यामा यो अध्ययन केन्द्रित रहेको छ ।

## उद्देश्य

महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदन खण्डकाव्यमा बिम्ब र प्रतीक, भाव र विचार, भाषाशैली परिवेश, लय, शीर्षकको औचित्य र पात्रहरूको बारेमा अध्ययन गर्नु यसका उद्देश्यहरूरहेको छन् ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा मूलत : वर्णणात्मक विधिको प्रयोग गरिएको छ । गुणात्मक ढाँचामा रहेको यो अध्ययन विश्लेषणात्म प्रकृतिको रहेको छ। यस अध्ययनमा प्रयोग हुने सामग्री सङ्कलनमा पुस्तकालय विधिको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य मुनामदनलाई लिईएको छ भने द्धितीय स्रोतका रूपमा विभिन्न पत्रपत्रिका अनुसन्धानात्मक लेख रचना, पुस्तक र शोधपत्रहरूलाई प्रयोग गरिएको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य मुनामदनको विश्लेषणमा मात्र यो अध्ययन केन्द्रीत रहेको छ ।

## निष्कर्ष र प्राप्ति

मुनामदन खण्डकाव्यलाई कविले नेपालकै लोकछन्द र लोकगाथाकै प्रेरणाबाट रचना गरेको पाईन्छ। नेपाली कविताका क्षेत्रमा लोकगीतका छन्दहरूको प्रयोग गरी लोकप्रसिद्ध आख्यान वा लोकगाथालाई मौलिक गाथात्मक लघु खण्डकाव्य रचना गर्ने प्रवृति त्यस समयमा चलेको थियो । कान्तिपुरका स्थायी बसोबास गर्ने नेवार समुदायको कथासँग मेलखाने खालको कथाबाट प्रभावित भएर यसको रचना गरिएको हो । यस खण्डकाव्यमा प्रकृति प्रेम, राष्ट्र प्रेम, संस्कृति प्रेम,कर्मवादी दृष्टिकोण, प्रकृतिकेन्दी, आस्तिक, मानवतावादी स्वरुको आधारमा रचना गरिएको छ। यसको कथावस्तु र चरित्र चित्रण नेवारी लोकगाथाबाट नै प्रेरणा र प्रभाव जागेको देखिन्छ ।

## कथावस्तु

मुनामदन खण्डकाव्यलाई कथावस्तुका आधारमा मुख्यतया : तीन भागमा विभाजन गरिएको छ :

| कथाभाग | उपशीर्षक |
|---|---|
| आदिभाग | मदन भोट जाने बेलामा |
| मध्यभाग | मदन भोट जान्छन् |
| अन्त्यभाग | मदनलाई बाटामा हैजा लाग्छ |

आदिभाग अन्तर्गत मदन भोट जाने बेलामा भन्ने उपशीर्षकलाई पृष्ठ १ देखि ४ सम्म विभाजन गरिएको छ, त्यस्तै मध्यभाग अन्तर्गत मदन भोट जान्छन भन्ने उपशीर्षकलाई पृष्ठ ५ देखि १३ सम्म विभाजन गरिएको छ र अन्त्यभाग अन्तर्गत मदनलाई बाटामा हैजा लाग्छ भन्ने उपशीर्षकलाई पृष्ठ १४ देखि ३६ सम्म विभाजन गरिएको छ । प्रस्तुत काव्यको अन्त्यमा मुना र मदनको मृत्यु भएको हुनाले यसको कथावस्तु दुःखात्मक तरिकाले समाप्त हुन्छ । तीनै भागलाई कविले यसरी विस्तार गरेका छन् ।

**आदिभाग : मदन भोट जाने बेलामा**

– नायिका मुनाले मदनलाई साग र सिस्नु खाएरसँगै जीवन बिताएर बसौला भनी आग्रह गर्नु,
– कि गरिछाड्ने कि मरिछाड्ने इरादा भएको मदनले धारो र पाटी पौवा बनाई बूढी आमाको इच्छा पूरा गर्न,
– मुनाका हातमा सुनका खदीला बालाले सिँगार्न र थोत्रो घरको जग बलियो बनाउने उदेश्यकासाँथ धन कमाउन भोट जानका लागि मुनासँग बिदा माग्नु,
– मदनले भोट जानका लागि पयर उचाली सकेकोले मुनाले नचाही नचाही मदनलाई भोट जान स्वीकृति दिनु ।

**मध्यभाग : मदन भोट जान्छन्**

–मदन आफ्नो घर काठमाडौंबाट भोटतर्फ धन कमाउन जानु,
–घरमा रहेकी अकेली मुनालाई सहरिया गुन्डाले पापी नजर लगाउनु,
–कवि देवकोटाका अनुसार ईश्वरिय रूपको हाँसोमा फूल छोएर नमार भन्ने टिप्पणी गर्नु,
–काठमाडौं सहर निवासी कुटुनी नैनीले मुनालाई गुन्डाका निम्ति फकाउने प्रयास गर्नु,
–सतीवादी मुनाले कुटुनी नैनीलाई हप्काउनु,
–ल्हासामा धन कमाउन गएको मदनले एक दिन घर, मुना र आमालाई सम्झनु,
–मदनले ल्हासाबाट सुनका डल्ला र कस्तुरीका बिना लिएर घर फर्कनु,
–घरमा मुनाले नराम्रो सपना देख्नु,
–मुनाले आफ्नो सपनालाई सासूसामु पोख्नु,
–तीन बीस पार गरेकी मुनाकी सासूले बुहारीलाई सान्त्वना दिने प्रयास गर्नु ।

**अन्त्यभाग : मदनलाई बाटामा हैजा लाग्नु**

– घर फर्किरहेको अवस्थामा मदनलाई बाटामा हैजा लाग्नु,
–हैजा लागेको मदनलाई उसका साथीहरूले बाटामा एक्लै अलपत्र छोडिदिनु,
–च्याङ्बाले बाटामा अलपत्र परेको मदनलाई आफ्नो घर लैजानु,
–च्याङ्बाले हैजा लागेको मदनलाई जडीबुटीको ओखतीले चङ्गा बनाउनु,
–मदन च्याङ्बाको घरमा चौंरीको दूध खाई बलियो हुदैं जानु,
– घरमा मुनाका मनमा विभिन्न प्रकारका आशंङ्का बढदै गई आँखामा आँसु भरिएर आउनु,

–मदन स्वस्थ भएपछि कान्तिपुर सहरको रमणीय प्रकृति, आफ्नो घर, आमा र मुनालाई सम्झनु,
–बिदाभई मदन घर फर्कदा च्याङ्बालाई गुनको बदला सुनको डल्लो दिन खोज्नु,
–मदनले दिएको सुनको डल्लो लिन नमानेर आमाको आशिष् माग्नु,
–च्याङ्बाको महानताको अगाडि शिर झुकाई मदन रुदैं घर फर्कनु,
–घरमा मदनकी आमा विरामी पर्नु,
–बुहारी मुनाले सासू आमाको स्याहार सुसार गरी सान्त्वना दिनु,
–बूढी आमाअले मदन कहाँ छ भनी बर्बराउनु,
–घर फर्किरहेको मदन कुतिमा पुग्दा पिपलको रुखमा कराई राखेको कागलाई मेरो घर गएर आमा र मुनालाई कुनै किसिमको चिन्ता र फिक्री नमान्नु भनेर आग्रह गर्नु काग उडेर जानु,
– सासू आमाको सास घाँटीमा बस्नु,
– गुन्डाले त्यसै समयमा मदन मरेको जाली चिठी पठाउनु,
–मुना इन्तुनचिन्तु भई मूर्छित हुनु र मर्नु,
–मदन घर आइपुग्नु, मदनले आमालाई बोलाउनु आमाले प्राण त्याग्नु,
–मदनले दिदीलाई मुना कहाँ छ भनी सोध्नु,
–दिदीले मदनलाई विस्तारै अलमल्याई अलमल्याई आखिरी मुना मरिसकी भन्नु,
– मदन मुना र आमाका पीरले आकुलव्याकुल हुनु,
–मदन थला पर्नु र उसलाई मानसिक पीर र मुटुको व्यथाले सताउनु,
–दुखेको मन र फुटेको मुटुको औषधि नपाई घरबार दिदीलाई सुम्पेर सदाका लागि निदाउनु,
–मनको बत्ती बाली तनको बली दिई स्वर्गको प्रसाद ईश्वरलाई कर्ममा पुज भन्ने सन्देश दिदैं काव्यको अन्त्य गर्नु ।

## पात्र परिचय

खण्डकाव्यलाई काव्यत्व प्रदान गर्ने महत्त्वपूर्ण तत्त्व पात्र हो । एरिष्टोलबमोजिम चरित्रवर्णन घटनाको भन्दा पछि सबैभन्दा मुख्य गुण हो (खनाल, २०६८, पृ. १०३) । खण्डकाव्यमा कथातत्त्वको सुत्रपात गर्ने आवश्यक भूमिका चरित्रको हुन्छ । पात्रले कथावस्तुलाई गति प्रदान गर्ने काम गर्दछ । कथावस्तुका सम्पूर्ण घटकहरूपात्रमा निर्भर हुन्छन् । पाश्चात्य विद्धान अरस्तुका अनुसार चरित्र त्यसलाई भनिन्छ जसले कुनै व्यक्तिका रुचि अरुचिको प्रदर्शन गर्नुका साथै कुनै नैतिक प्रयोजनलाई व्यक्त गर्दछ (त्रिपाठी, २०४८, पृ. ६८) । यस दृष्टिले काव्यको पात्र सशक्त, जीवन्त र संवेद्य हुनु आवश्यक छ । पूर्वीय खण्डकाव्य चिन्तनको मन्थन गर्दा फेला पर्न आउने खण्ड काव्यात्मक एक महत्त्वपूर्ण घटक तत्त्व पात्र हो (अवस्थी, २०६४, पृ. २३) । खण्डकाव्यमा पात्रविद्यान सशक्त किसिमको हुनुपर्दछ । यसको नायक सुशील, संघर्षशील, धीरोदत्त आदिमध्ये कुनै एक पनि हुनसक्छ । तर धीरोदत्त गुणयुक्त नायक भएको खण्डकाव्य बढी प्रभावशाली हुन्छ । नायिका प्रधान खण्डकाव्यमा नरी जागृति सचेत भावनाको

विकास भएको, कर्मठ, सङ्घर्षशील, पतिपरायण, स्वकीया, परकीया आदिमध्ये कुनै एक हुन सक्छे । यसमा अन्य सहनायक–नायिका तथा प्रतिनायक नायिका र अरु पात्रहरूको पनि समावेश हुन सक्छ भन्ने मूल नायककै सेरोफेरोमा तिनको चरित्र घुम्ने किसिमले तिनका स्वभाव र क्रियाकलापको वर्णन गरिनु पर्दछ । पात्रहरूको क्रमबद्ध चरित्र निर्माण नै खण्डकाव्यको मूल समस्या हो (प्रधान, २०५२, पृ. ८) । मूल चरित्रलाई स्थिर वा विकसित जुनसुकै अवस्थामा पनि उपस्थित गराउन सकिन्छ । उसको चरित्रलाई गतिशील रूपमा प्रस्तुत गरिन्छ भने उसमा आरोप गरिएको गतिशीलता उभयमुखी तथा उर्ध्वमुखी हुनुपर्दछ । पात्रलाई अझ सूक्ष्म र कलात्मक ढङ्गले प्रस्तुत गर्न सकिन्छ (शर्मा, २०४८, पृ. ७२) । उनका अनुसार चरित्रलाई लिङ्गका आधारमा यी सबै पात्रहरूको निम्नानुसार विवेचना गरिएको छ :

**मुना :**

मुना यस खण्डकाव्यकी प्रमुख विवाहित नारीपात्र हो । ऊ युवक मदन क्षेत्रीकी श्रीमति हो । यस खण्डकाव्यमा आमा बुबा मरिसकेका श्रीमान् परदेसिएको अवस्थामा तिन बिस पार गरिसकेकी सासूलाई आमा ठान्ने ("आमा र बुबा स्वर्गमा मेरो टुहुरी अजान हजुर नै आमा हजुर नै बुबा खोल्दछु मुहान" मुनामदन, १९९२, पृ. १७) । आदर्श बुहारीका रूपमा देखापरेकी छ । शारीरिक रूपमा सौन्दर्य र आकर्षक खालकी छ । ऊ कमल झैं फूलेकी र जून झै खुलेकी थिई तथा उसका ओठ कलिला र आँखा लाम्चिला थिए (मुनामदन, १९९२, पृ. ६) । यस्ती सुन्दरी युवती भए पनि मुनामा धनप्रतिको तिर्सना भने देखिन्न । ऊ धनलाई हातको मैल ठान्छे र सागसिस्नु खाएर भए पनि आनन्दी मनले जीवन बिताउनुलाई वेस मान्छे (मुनामदन, १९९२, पृ. २) सहरको एउटा गुन्डाले मुनाको सतीत्व डगाउन पठाएको उसको पति मदन मरेको जाली खबर भएको चिठी पाएपछि सोझी र निष्कपट मुना आफ्नो सर्वस्व नै गुमेकोमा इन्तुनचिन्तु भएर मूर्छा परी पलामै निली भई मरी । एक आदर्श चरित्रवती नारीपात्र मुनाको दःखद मृत्यु भएको कुरा यस खण्डकाव्यमा देखाएको छ । यस खण्डकाव्यमा आदर्श नारीपात्रका रूपमा मुनाको चरित्रचित्रण गरिएको छ । उनको चारित्रिक विकासमा कुनै पनि प्रकारको परिवर्तनशील नभएर स्थिर छ । उनमा तत्कालीन नेपालको काठमाडौं सहरको निम्नमध्यमवर्गीय परिवारकी आर्दश बुहारी, पत्नी वा नारीमा भेटिने खालका असल गुणहरूले भरिपूर्ण भएकी छन् । त्यसैले उनका चरित्रले असल बुहारी, पतिब्रता पत्नी वा आदर्श नारीका वर्गगत चरित्रको प्रतिनिधित्व गरेको देखिन्छ । मनोविज्ञानतका दृष्टिले उसमा पतिसान्निध्य चाहने कामवृतिका साथैं आन्तरिक सहनशीलता र बाह्य वाचालता दुबै देखा पर्दछ । उनको चरित्रमा प्रशस्त गोलाइपूर्ण रहेको छ । महाकवि देवकोटा स्वयमले भौतिक धनसम्पतिलाई तुच्छ ठान्ने र आन्तरिक प्रेमलाई नै महान मान्ने स्वच्छन्दतावादी जीवनदृष्टिको अभिव्यञ्जना पनि मुनाका आदर्श चरित्रले गरेको छ भन्ने कुरा उल्लेख गरेका छन् । त्यस्तै यस खण्डकाव्यका अन्त्यमा धन कमाई घर फर्केको मदनले आफू धनकै लोभमा पर्दा आरुनो सारा पारिवारिक सुखसन्तोष ध्वस्त भएको बुझेपछि उसको भौतिक वैभवतर्फ आकृष्ट दृष्टिकोण पराजित भई मुनाकै मानसिक सन्तादृष्टिमा आनन्द देख्ने मानववादी दृष्टिकोण विजयी बन्न पुगेको छ ।

गलामा लाग्यो, मुटुमा घुस्यो अमृत–वचन,
साग र सिस्नु खाएको बेस आनन्दी मनले ।
(मुनामदन, १९९२, पृ. ३८) ।

यसरी प्रस्तुत खण्डकाव्य अन्तर्गतको पात्रीय अन्तरद्वन्द्व परिप्रेक्ष्यमा पनि नायिका मुनाकै पक्ष विजयी बनेकोले यस खण्डकाव्यमा उसकै नायिका चरित्रको सर्वाधिक प्रभावशाली देखा पर्छ । यी सोझी उज्ज्वल चरित्र भएकी मुनाको जीवनको दुःखद अवसानले गर्दा नै प्रस्तुत खण्डकाव्यको दुखात्मक प्रभाव प्रशस्त तिखो एवम् गहिरो बन्न पुगेको छ । अन्त्यमा छोटकरीमा भन्दा स्थिरता, प्रतिनिधिमूलकता र सच्चरित्रता नै नायिका मुनाका उल्लेखनीय चारित्रिक विशेषता हुन् ।

**मदन :**

मदन यस खण्डकाव्यको प्रमुख पुरुष पात्र हो । ऊ तत्कालिन कान्तिपुर (काठमाडौं) मा बस्ने क्षेत्रीजातिको विवाहित युवक वा मुनाको श्रीमान् हो । उसको घरमा तिनबीस पार गरेकी एक बुढी आमा र मुना नामकी धर्मपत्नी छन् । उसलाई यस खण्डकाव्यमा प्रतिनिधि, गतिशील र सतपात्रका रूपमा चित्रित छ । ऊ त्यस्तो गृहस्त युवकका रूपमा आएको छ की जसले आरुनो घरपरिवारका आर्थिक र भौतिक दायित्वको बोझ कााधमा बोकेको छ । ऊ तत्कालिन कान्तिपुर (काठमाडौं)उपत्यकाको क्षेत्री जातको कमजोर आर्थिक अवस्था भएकोपात्र हो । उसले धनको व्यावहारिक महत्त्वलाई राम्रोसाग बुझको छ ।

"के गर्छ्यौं मुना यो सास अड्छ त्यो पापी धनमा"
(मुनामदन, १९९२, पृ. २) ।

ऊ आरुनी आमाका इच्छा पूरा गर्ने तम्सने मातृभक्त पुत्र र प्राणप्यारी पत्नीका हातमा सुनका खादिला बालाले सिागार्न चाहने जिम्मेवार छोरा र पतिको प्रतिनिधित्व गर्ने पुरुष पात्र हो । त्यस समयमा धन कमाउन ल्हासातर्फ जाने व्यापारी मनोवृति भएको काठमाडौवासी युवावर्गको प्रतिनिधि पात्र हो ।

"कि मरिछाड्यो कि गरिछाड्यो मर्दको इरादा ।
ह ह ह ह ह ह
तिमीले हाासे म हाक्न सक्छु इन्द्रको आसन"
(मुनामदन, १९९२, पृ. १) ।

उ यस खण्डकाव्यमा कि गरिछाड्ने कि मरिछाड्ने इरादा बोकी इन्द्रको आसन पनि हाँक्ने साहस राख्नने मर्द, हिक्मती र वीर नेपाली युवाका रूपमा देखापरेको छ । आफूलाई नोरुसमस्या परेको समयमा सहयोग गर्ने जङ्गलनिवासी भोटे वा च्याङ्वाप्रति उसले आ नोरुकृतज्ञाता भाव पनि प्रकट

गरेको छ । ल्हासातिर प्रस्थान गर्दा कुतीको उकालोमा आ देशका पहाड, खोला, नाला, राता, नीला र पहेँला फूलहरू भनेकोमा ऊ राष्ट्रवादी भावनाले ओतप्रोत भएको युवाका रूपमा देखापरेको छ । सुरुमा धनवादीका रूपमा देखापरेको मदन मध्येभाग हुदै अन्त्यभागसम्म आइपुग्दा निकै परिवर्तन भएको हँदा उसको चरित्रमा गतिशीलता झल्कन्छ । ल्हासाबाट धन कमाएर घर आउने क्रममा मदनलाई बाटामा हैजा लाग्दा उसका साथीहरूले अलपत्र पारेर जान्छन् र जङ्गल निवासी भोटेले उसलाई घर लगी जडीबुटी खुवाई निको बनाएर घर पठाउदा यसबाट जीतय भेदभावका दृष्किोणमा ठुलो परिवर्तन आउँछ र ऊ यस खण्डकाव्यका कवि देवकोटाकै मुखपात्र बनी “मानिस ठुलो दिलले हुन्छ जातले हुदैन” (मुनामदन, १९९२ पृ.२०) यस्ता मानवतावादी उद्गारहरू प्रकट हुन्छन् । ल्हासाको धन र भोटेको स्याहार सुसारले निको भएर घर आईपुग्दा नपुग्दै आमाको मृत्युले टुहुरो बन्छ र केही समयपछि आफू नो अधुरो र अपुरो विधुर पनि भईसकेको थाहाँ पाउँछ । आमा र मुनाविनाको आ जीवन जतिसुकै धनी भए पनि उसको निम्ति ज्यादै कष्टकर बन्न पुग्दछ, उसको मन रोगाउँछ, उसको धनवादी दृष्टि पराजित हुन्छ र ऊ आत्मिक प्रेममै जीवनको सर्वोच्च आनन्द देख्दछ । उसरी उसको दृष्टि बदलिन्छ । उसको चरित्रमा गतिशीलता त देखिन्छ तर उसको दुःखेको मन र फूटेको मुटुलाई धनले र वैद्यले समेत निको पार्न नसके पछि मुनासँगै स्वर्गमा बसी आमाको स्याहार सुसार गर्न सदाका लागि आँखा चिम्लन्छ । यसरी एक असल मातृभक्त पुत्र, एक जिम्मेवार पति, एक वीर, राष्ट्रवादी, मानवतावादी र गतिशील सच्यरित्र युवकको जीवन दुःखद अन्त्य हुन्छ । यस किसिमको सत् पात्रको दुःखद निधनले खण्डकाव्यलाई दुःखान्त बनाएको छ । धन कमाउन ल्हासा नै जानु धनमा नै लिप्त हुनुले तत्कालिन नेपाली समाज भर्खर भर्खर भित्रिन लागेको पूँजीवादी अर्थतन्त्रले सिर्जना गरेको सामाजिक, आर्थिक जीवनका जटिलताकै परिणाम रहेको थियो । आर्थिक चपेटामा परेको मदन गतिशील चरित्रको व्यक्ति भए पनि त्यस गतिशील चरित्रले समय ढल्किसकेपछि मात्र आत्मिक प्रेमको मूल्य थाहा पाएको थियो । एउटा सानो चरित्रदोषले गर्दा नै पूर्वाक्त विविध व्यक्तित्त्वको भनी नायक मदनको अवसान भएको कुरा देखाई खण्डकाव्य टुङ्गिएको छ । मदन जस्तो असल मान्छेले पनि त्यस किसिमको कारुणीक वियोग एवं मृत्युको दुर्दशा भोग्नु परेकोमा यस खण्डकाव्यका सम्पूर्ण पाठककै हृदय करुणाले भरिएको छ ।

**आमा :**

यस खण्डकाव्यमा नायक नायिका पछि सबैभन्दा लामो समयसम्म देखा पर्ने पात्र आमा हुन् । उनको चरित्रचित्रण यस खण्डकाव्यको कथावस्तु विकासमा आदिभाग, मध्यभाग र अन्त्यभाग गरी तिनै भागमा देखा परेकी छन् । उनी यस खण्डकाव्यकी सहायक पात्र हुन् । उनी यस खण्डकाव्यमा तिन बिस (६० वर्ष) पार गरेकी विधवा नारी पात्रका रूपमा देखा परेकी छिन् । उनी यस खण्डकाव्यको क्षेत्री नायक मदनकी आमा र नायिका मुनाकी सासूआमा हुन् । उनका चरित्रले नेपाली समाजका छोरालाई स्नेह गर्ने र बुहारीलाई पनि छोरीलाई झैं माया गर्ने वात्सल्यमयी आमा र सासूका चरित्रलेको प्रतिनिधित्व गरेको छ । यस खण्डकाव्यमा सहनशील आमाका रूपमा देखा पर्दै आरुनो श्रीमान् विदेशीदा सुर्ताएकी बुहारीलाई युरी सम्झाउँछिन् :

"बुहारी मेरी ! शीतको सप्ना पिर्दैन खराब,
खराब सप्ना त्यो विर्सिजाऊ डरले नकाँप,
फुलेको शिर म थापिदिन्छु सबै त्यो खराब,
हे छोरीजस्ती बुहारी मेरी ! त्यसरी नकाँप"
(मुनामदन, १९९२, पृ. १७) ।

यिनका चरित्रले नेपाली समाजमा रहेका विधवा आमाका अवस्थालाई झल्को दिन खोजेको छ । बुढेसकालमा धारा पाटी पौवा बनाउने जस्ता परोपकारी कार्य गरेर पुण्य कमाउन चाहने नेपाली आमाको प्रतिनिधित्व गरेकी छिन् । यिनका चरित्रले ईश्वरप्रति आस्था राख्ने भक्ति नारीको चरित्र पनि झल्किएको छ :

"सहेर बस्नू नफस्नू यसमा दुःखको जन्जाल !
अन्त्यको बाटो उज्यालो हुने भक्ति नै सँगाला !
फुलेको देखे, वैलेको देखेँ जगत्को फूलबारी,
दुःखमै चिनेँ ईश्वरलाई हे मेरी बुहारी !
(मुनामदन,१९९२, पृ. ३१) ।

ना भक्तिवादीरुआ आदर्शवादी बिचारमा यी आमाको चरित्र स्थिर रहेको छ । मनोवैज्ञानिक दृष्टिले यिनमा अन्तरमुखी, बहिरमुखीता र उभयपमुखी भाव भेटिन्छ । यी यस खण्डकाव्यकी बद्ध एव् सत् पात्रका नो इच्छा परुरूपमा आएकी छिन् । धारो पाटी पौवा बनाउने आूरा गर्न नपाउदै यिनले विदा हुनु परेको छ । यिनको यस भाग्यविषयले गर्दा खण्डकाव्यमा दुःखात्मक परिणाम आएको छ ।

**च्याङ्बा :**

प्रस्तुत खण्डकाव्यको एक महत्त्वपूर्ण सहायक पात्रका रूपमा च्याङ्बा आएको छ। उसको वास्तविक नाम च्याङ्बा भए पनि यस खण्डकाव्यमा कविले 'भोटे' भनेर जातिवाचक नामको प्रयोग गरेका छन् । 'आकाशमाथि जहाज मेरो बादल छ गहना" (मनामदन, १९९२, पृ. २९) भन्ने उद्गारद्वारा यो श्रीमति मरिसकेको विधुर व्यक्तिका रूपमा रूपमा चिनिएको छ । यसले काठमाडौं उपत्यकाको उत्तरी भेगको कुती भन्ने जङ्गलको प्राकृतिक सुन्दर, शान्त, सम्पन्न ठाउँमा आरामकासाथ जीवन विताई रहेको भोटे जातिको प्रतिनिधि पात्र हो । यसका एक छोरा र एक छोरी छन् । यसले महाकवि लक्ष्मीप्रसाद देवकोटाको मानवतावादी विचारको वाहकको रूपमा काम गरेको छ । नायक नायिकाको सहायक अनुकूल पात्रका रूपमा भूमिका निर्वाह गरेको छ । महाकवि देवकोटा जस्तै कसैलाई गुन लगाउनु महानता ठान्दछ र धनलाई महत्त्वहिन ठान्दछ । त्यसै कारणले हैजा लागेका मदनलाई घरमा लगेर जडीबुटी खुवाई निको बनाउदा मदनले गुनको बदला सुन दिदा लिन मान्दैन । यस्तो मानवतावादी व्यक्तित्त्वको सिर्जना गरेर कवि देवकोटाले प्राकृति जीवनमा मानतावाद रहेको कुरा स्वयम् देवकोटाले

उल्लेख गरेका छन् । स्वच्छन्दावादी, मानतावादी दृष्टिलाई व्यक्त गर्न कविले प्रकृतिका काखमा जीवन विताउने 'च्याङ्बा' पात्रको कल्पना गरेर धनले मानिसलाई पापी बनाउछ । यस खण्डकाव्यमा उपस्थित भएको 'च्याङ्बा' स्थिर चरित्र भएको सत्पात्र हो यसको मानवतावादी चरित्रमा कुनै पनि प्रकारको उथलपुथल आएको देखिदैन । यो यस खण्डकाव्यको बद्ध पात्र हो ।

**नैनी :**

प्रस्तुत खण्डकाव्यमा नायक नायिकका लागि प्रतिकूल वातावरणको सिर्जना गर्ने एक असत् पात्रका रूपमा नैनी आएकी छ । ऊ यस खण्डकाव्यकी खल पात्र हो । नायक–नायिकको प्रतिकूल वातावरण सिर्जना गरेकी सहरिया गुन्डाकी सहयोगिको रूपमा यस खण्डकाव्यमा नो भरुआमिका निर्वाह गरेकी छ । ऊ सहरिया कुटुनिका रूपमा देखापरेकी छ र गुन्डाको तर्फबाट अकेली मुनालाई फकाई (मुनाको) सतीत्व डगाउन खोज्दछे । पतिब्रता र उज्ज्वल चरित्र भएकी नायिका मुनाको वचनको झापड पाएपछि ऊ फेरी आएकी छैन् । ऊ दुशचरित्र भएकी कुटुनीका रूपमा देखा पर्दछे । त्यसै रूपमा हराउँछे । ऊ स्थिर चरित्र भएकी पात्र हो । उसले तत्कालीन कान्तिपुर सहरमा रहेको कुटुनी प्रवृतिको प्रतिनिधित्व गरेकी छ ।

**गुन्डो :**

गुन्डो नायक नायिकको प्रतिकूल पक्षमा देखापरेको यस खण्डकाव्यको खल नो घरको झयालमा बसीरहेकीरुपात्र हो । उसको कान्तिपुर सहरमा बसोबास रहेको छ । आ सुन्दर मुनालाई देख्दा उसको (मुनाको) घर वरपर घुम्ने काम गरिरहेको छ । मुनालाई फकाउन कुटुनी नैनी मार्फत उ असफल भए पछि मदन मरेको जाली चिठी पठाई मुनालाई डगाउन खोज्दा सती नारी चरित्र भएकी मुनाले साँचो ठानेर शोकवि≈वल भई प्राण त्याग गरिदिदा गुन्डाको अन्तिम हतियार पनि भुते बन्न पुगेको छ । गुन्डाको यस प्रकारको चरित्रबाट तत्कालिन कान्तिपुर सहरमा गुन्डाहरूको बिगबिगीरहेको कुराको सङ्केत मिल्दछ । प्राकृतिक जीवनदेखि टाढा रहेर सहरका मानिसहरूलाई विभिन्न प्रकारका गुन्डगर्दी चर्कदै गएको र मानवीयता ध्वस्त हुन थालेको गुन्डाको चरित्रबाट व्यञ्जित हुन्छ । यस्ता खालका सहरिया गुन्डाहरूले आफ्नो व्यक्तिगत स्वार्थपूरा गर्नका लागि जस्तो सुकै कार्य गर्न पनि पछि पर्दैनन् भन्ने कुराको पुष्टि यस गुन्डाले मुनालाई मदन मरेको जाली चिठी लेखेर पतिब्रता मुनाको मृत्यु भएको कुराबाट प्रमाणित भएको छ । गुन्डाकै रूपमा देखापरेर गन्डाकै रूपमा हराएको गुन्डापात्रको चरित्र स्थिर खालको छ । यसले सहरिया षड्यन्त्रकारी गुन्डाको प्रतिनिधित्व गरेको छ । यो खलपात्रका रूपमा आएको छ । यसको मनोवृतिका दृष्टिले यौन पिपासामूलक कामवृतिले विकृत मानसिकताले भरिएको अह्म पात्र हो ।

**मदनका साथीहरू:**

यस खण्डकाव्यमा मदनसगै ल्हासाबाट धन कमाएर घर फर्कने क्रममा मदनलाई हैजालागे पछि

जङ्गलको बीचमा एक्लै छोडेर आउने पात्रका रूपमा उपस्थित गराइएका छन् । उनीहरूले यस खण्डकाव्यमा खलपात्रका रूपमा भूमिका निर्वाह गरेका छन् । उनीहरूको मन धनले धमिलिएको छ र चेतनाका हिसावले हैजा लागेको मानिसलाई कुर्नहुदैन् भन्ने धारणाले उनीहरू अन्धविश्वासमा रुमलिएका छन्। उनीहरू मानसिक वैचारिक प्रवृति स्थिर खालको छ। धनमा रुमलिएका अन्धविश्वासले उनीहरूको मनस्थितिमा जरा गाडिसकेको नेपाली साथीहरूका चरित्र भएका प्रतिनिधिको प्रतिनिधित्व गरेका छन् । यिनीहरूयस खण्डकाव्यका मुक्त पात्रका रूपमा आएका छन् । यिनीहरू उपस्थिति भए पनि नभए पनि खण्डकाव्यमा कुनै फरक पर्ने देखिदैन ।

**दिदी :**

खण्डकाव्यको अन्त्यमा एक सहायक गतिशील पात्रका रूपमा दिदी देखा परेकी छिन्। यी मदनकी दिदीका रूपमा आएकी छिन र मदनले आफ्नी श्रीमति मुनाको मृत्युको खबर यिनकै मुखबाट सुनेको छ। यिनले नेपाली दिदीको प्रतिनिधित्व गरेकी छिन् । भाइलाई आपत विपत परेको समयमा आड भरोसा दिने दिदीको प्रतिनिभित्व गरेकी छिन् । मदनलाई मुना मरेको खबर एक्कासी नसुनाएर परिस्थिति अनुकूल मिलाएर फकाई फुलाई सुनाउने चेष्टा गरेकी छिन् । यी ज्ञानवती नारीका रूपमा देखिएकी छिन् र आमा र दिदीको मृत्युमा रन्थनीएको भाइलाई आखीर सबैले यो स.सार छोड्र जाने हो भनेर धर्यधारण गराउँदै उनी भन्दछिन् :

"चारै नै दिनको यो पापी चोला, यो मैलो, गुमानी,
आखिर छर्छ हावाले फेरी एक मुठी खरानी !
बाबु ! एक मुरी खरानी !
मासुको फूल वैलेर जान्छ मट्टीमा मिल्दछ,
अरु नै फूल पृथिवीपारी स्वर्गमा फुल्दछ" !
सबैको लागि स्वर्गमा फुल्दछ !
(मुनामदन, १९९२ :पृ. ३७) ।

यसरी प्रस्तुत खण्डकाव्यमा दु:ख परेका आफ्ना भाइहरूलाई अनुकूल वतावरणको सिर्जना गरी धैर्य धारण गराउने गम्भीर खालकी ज्ञानवती नेपाली दिदीहरूको प्रतिनिधि पात्रका रूपमा आएकी छि। । यिनको चरित्र पनि स्थिर किसिमको छ । यिनी सत्पात्र हुन् । यिनको उपस्थितिले खण्डकाव्यको दु:खात्मक प्रभावलाई बढावा दिएको ।

**वैद्य :**

यस खण्डकाव्यको अन्त्यतिर देखा परेको एक गौण पात्र वैद्य हो। ऊ जिउने रोग लागेको मदनलाई निको बनाउनका लागि उपस्थिति भएको छ। मलनको दु:खेको मुटुलाई उसले निको बनाउन सक्दैन । ऊ जुन रूपमा देखा परेको छ त्यही रूपमा हराएको छ। ऊ वैद्यको प्रतिनिधित्व गर्ने स्थिर चरित्र भएको

पात्र हो । ऊ यो खण्डकाव्यको मुक्त पात्र हो । ऊ खण्डकाव्यमा उपस्थिति हुँदा पनि नहुँदा पनि कुनै पनि प्रकारको फरक पर्ने देखिदैन ।

**लक्ष्मीप्रसाद देवकोटा :**

प्रस्तुत खण्डकाव्यको अन्त्यमा काव्यको उपसंहारका रूपमा देवकोटा स्वयम् देखापरेका छन् । उनी 'मुनामदन' को दुःखान्त प्रेमकहानीले सिर्जको पीडालाई शमन गर्न त्यहाँ उपस्थिति भएका छन् र उनले "कर्ममै पुज" भन्ने सङ्केत दिएका छन् । यी बाहेक मुनाको मृत्युमा अलापविलाप गर्ने मदनका अन्य छिमेकीहरूपनि गौण पात्रका रूपमा उपस्थित भएका छन् । ल्हासाको वर्णन सिलसिलामा दले लामा, शिर खौरेका लामाहरू, भोटेहरूपनि मानवीय खण्डकाव्यमा मानवीय पात्रका रूपमा समावेश भएका छन् ।

**परिवेश**

प्रस्तुत खण्डकाव्य परिवेशका दृष्टिले 'मुनामदन' सर्वेक्षण गर्दा यिनीभत्र विविध प्रकारका स्थानीय प्राकृतिक, सामाजिक, सांस्कृतिक परिवेशको आकर्षक चित्रण गरिएको छ । यस खण्डकाव्यमा स्थानका दृष्टिले मुख्यतः नेपाल खाल्डो वा कान्तिपुर (काठमाडौं) भोटतर्फ जादा बाटामा पर्ने विभिन्न प्रकारका हिमाल, ल्हासा सहर र भोटबाट फर्कदा बाटामा पर्ने जङ्गल (कुतीप्रदेश) को विशेष चित्रण गरिएको छ । कान्तिपुर निवासी आमाको पाटी पौवा र धारा बनाई समाज सुधार्ने चाहानाको चित्रणले यस खण्डकाव्यमा परलोकमा विश्वास राख्ने परम्परा नेपाली समाजमा रहेको कुरा उल्लेख गरिएको छ । मुनाको धनप्रति विर्कषण र मानसिक सन्तुष्टिमै सुखानुभूति गर्ने दृष्टिकोणको चित्रणले धनको धाकमा आनन्द नर्देख्ने आदर्शवादी परिवेशको झल्को देखापरेको छ । मदनमा पलाएको धनको लोभ र भौतिकवादी परिवेशलाई पनि समावेश गरेको छ। गुन्डा र नैनीका चरित्रबाट खण्डकाव्यको विषयवस्तुले कान्तिपुरको नेपाली समाजमा कुटुनी प्रवृति मौलाएको स्वार्थ र षड्यन्त्रकारी परिवेश स्थापित भएको छ । मदनका साथीहरूले हैजा लागेको लाई कुर्दा अमङ्गेल हुने अन्धविश्वास मनोवृतिका कारण यहाँ अन्धविश्वासबाट मुक्त हुन नसकेको तर धनका निम्ति धोखा दिने प्रवृति देखापरेको नेपाली सामाजिक परिवेशको अभिव्यक्ति भएको छ । नेपालीको सामन्ती व्यवस्थाले समग्र जातिको जीवनमा ल्याएको गरिबीको जीवनचक्र पनि झल्किएको छ। यस व्यवस्थामा धन कमाउने परम्परा रहेको छ। आधुनिक वर्गको मध्यम व्यपारी प्रवृतितको सुरुवात भएको छ । यसै वर्गको प्रतिनिधित्व मदनले गरेको छ । पुरानो अर्थतन्त्रबाट नयाँ जटिल अर्थतन्त्रको युगमा प्रवेश गरिरहेको नेपाली सामाजिक परिवेशको प्रतिनिधिमूलक पात्रीय चरित्राङकनका माध्यमबाट खडण्काव्य बेरिएको छ। यस खण्काव्यमा ल्हासाको सामाजिक परिवेशको खासै चर्चा नगरिए तापनि यसलाई सुनको सहर र व्यापारी केन्द्रका रूपमा चिनाईएको । यस खण्डकाव्य स्थानका रूपमा चित्रित कान्तिपुर सहर वा नेपाल खाल्डो (काठमाडौं उपत्यका) भोटजाने बाटामा पर्ने पहाड–हिमाल, ल्हासा सहर र ल्हासाबाट फर्कदा बाटामा पर्ने जङ्गल (कुती प्रदेश) का परिवेशसँग सम्बधित कथावस्तुको घटना प्रभावकारी ढङ्गले अगाडि बढेको । नेपाल

खाल्डो (कान्तिपुर उपत्यका) सँग सम्बन्धित रहेका टुडिखेल, धरहरा, रानीपोखरी जस्ता स्थानलाई पनि परिवेशका रूपमा उल्लेख गरिएको छ । पहाडी हिमाली मार्गको विकटता पनि हुँदा ल्हासा सहरको चित्रणमा त्यहाँका पोताला, फोडाङ्मार्पो दरबार (निन्दु : ल्हासाको बीचको खोला) खोला, लिङ्कोर (वरिपरि परिक्रमा गर्ने बाटो) को दृश्य, अम्बानको महल, युवती स्याम्पा (स्याम्बा पुल) सिङ्डोङ्वार, ताशीलिङ्गा (राम्रो बगैचा) (लक्याङ्) (लुखाङ्) भन्ने तलाउ, चङ्मुक्याङ (ठुन्सिखाङ भन्ने व्यापारी केन्द्र) भन्ने सडक, चुजिक्याङ बगैचा (घाँसैघाँसको चौर जस्तो) को नामाङ्कन गरी त्यहाँका स्थानीय परिवेशको यथार्थ झल्को दिने चेष्टा पनि गरिएको । यी विविध स्थान परिवेशका रूपमा चित्रण गरिएको नेपाल खाल्डो वा कान्तिपुर सहरको र त्यसको उत्तरी भागमा रहेका पहाडी–हिमाली प्रकृति कविका निम्ति प्रत्क्ष रूपमा दृष्टिग्राह्य रहेको छ भने ल्हासा सहरको प्रकृति चित्रणका निम्ति कविले तत्स्थानीय सूचकहरूलाई सङ्कलित गरी आफ्नै प्रतिभाले रङ्ग्यइएको पाइन्छ ।

यस खण्डकाव्यमा स्थानीय परिवेशका रूपमा आएका मुख्य प्रकृति चित्रणले कविको आत्मपरक अभिव्यक्ति आएको छ । आत्मपरक प्रकृति चित्रणका केही उदाहरणहरू निम्न रहेका छन् :

त्यो नौलो गाउँ त्यो नौलो ठाउँ, त्यो नौलो सडकमा,
ल्हासाको शहर क्या लाग्दो रहर सुनको झलकमा !
(मुनामदन, १९९२, पृ. ७) ।
पहाडहरूको नीरको माला नेपाल शहरको
लुर्कन जस्ता रुखमा लहर शिखर किनारको,
बादलवारि गुलाफ फुल्ने पूर्वको डाँडामा,
उज्याला पाटा, छायाका टाटा, टाढामा,
दूधका झर्ना झरेका सेता सतह गाढामा,
दूबोको बारी त्यो टुँडिखेल रुखको घेरेको,
धररा उठी शहरमाथि गजूर भिरेको,
आकाशलाई छातीमा राख्ने त्यो रानीपोखरी,
त्यो कान्तिपुरी केँवराकेश उज्याला सुन्दरी,
(मुनामदन, १९९२, पृ. २७ र २८) ।

यस खण्डकाव्यमा स्थानीय परिवेशका रूपमा विभिन्न प्राकृतिक चित्रणमा अभिव्यक्तिहरू पनि आएका छन् :

डाँडा र काँडा, उकाला ठाडा, जङ्घार हजार,
भोटको बाटो ढुङ्गा र माटो, नङगा र उजार,
कुइरो टम्म, हिउँले टम्म त्यो विष फूलेको

सिम्सिले पानी, बतास चीसो बरफ झैं डुलेको,
(मुनामदन, १९९२, पृ.६) ।

प्रस्तुत खण्डकाव्यका कथावस्तु, पात्र र परिवेशद्वारा निर्मित आख्यान तत्त्वको बनोटलाई हेर्दा पात्र, परिवेश र घटना त्रमिक रूपमा सङ्गठित भएका छन् ।

## भाषाशैली

प्रस्तुत खण्डकाव्यको भाषाशैलीलाई हेर्दा वर्णयोजनाका तहमा विभिन्न किसिमका अनुप्रास शब्दालङ्कारको प्रयोग भएको छ । खण्डकाव्यको सुरुदेखि अन्त्यसम्म धेरैजसो दुई–दुई र कतै–कतै तिन–तिन लयात्मक हरफहरूको अन्त्यमा अन्त्यानुप्रास मिलाएको देखिन्छ । स्वरव्याञ्जन वर्णका बीचबीचका प्रचुर पुरावृतिबाट पैदा हुने अरु आन्तरिक अनुप्रासका केही अनुच्छेद वा श्लोकहरू आएका छन् । जम्मा छत्तीस पृष्ठको यस खण्डकाव्यका शैलीगत विश्लेषणका लागि यादृच्छिक नमुना २, १५ र ३६ लाई छानी तिनका शैलीगत भाषाको प्रयोग भएको छ । तद्भव नेपाली शब्दहरू धेरै प्रयोग भएका छन् र ततसम शब्दहरूपनि थोरै मात्रामा भएको छ । आगन्तुक शब्दहरूपनि थोरै मात्रामा नै प्रयोग भएका छन् । पदकोटिका दृष्टिले प्रस्तुत खण्डकाव्यमा भाव अपेक्षा अनुरूप भाववाचक नामपद र क्रियापदको प्रचुर मात्रामा प्रयोग हुनुका साथै सर्वनाम, विशेषण, क्रियाविशेषण, संयोजक र निपातको पनि प्रयोग भएको छ । शैलीगत प्रभावकारिताका लागि वाक्यवस्तु पदक्रमका बीचबीचमा बिचलन देखापर्दै कतैकतै समापिका क्रियापद पनि लुप्त भएका छन् । उपयुक्त किसिमका शब्द, पद एव. वाक्य चयन एवम् समुच्ययमनबाट साधारण पाठक वर्गका लागि उपयुक्त शैलीको प्रयोग भएको छ । उपयुक्त नमुन छनोटका तिन पृष्ठ अन्तर्गत जुनमा फूलेकी, इन्द्रको आसन हॉक्नु, रातीमा सुर्जे, बिदामा हाँसो, थुँगाझैं पाउ, झुन्डेको सास, दयाले रसाउनु, आँखाको धुलो पखाल्नु, संसार बुरुनु, कम्बर कस्नु, आकाशतिर पखेटा चाल्नु, बिलौना गर्नु, मनको बत्ती, कर्ममै ईश्वर पुज्नु जस्ता पदावलीहरूको प्रयोग भएको भेटिन्छ । वाक्यढाँचा र पङ्तिगत अनुच्छेद योजनाबीच लयात्मक र भावगत (आर्थी) समान्तरता रहेको छ । वाक्य व्याकरणको अर्थका दृष्टिमा सामान्यार्थक विध्यर्थक, अनिश्यार्थक, प्रश्नार्थक र बिस्मयार्थकको प्रयोग भएको छ । पात्रीय संवादको प्रत्यक्ष कथनमा र वर्णभित्रकै बीचमा थोरै मात्रमा प्रयोग भएको छ । शैलीगत परिसूचकहरूका सन्दर्भमा सरल वैदर्भी रीति र सहज–सम्प्रेष्य प्रसाद गुणको व्यप्ति शैलीको प्रयोग भएको छ ।

## बिम्बप्रतीक र अलङ्कार

बिम्बप्रतीक र अलङ्कारका दृष्टिले प्रस्तुत खण्डकाव्य महत्त्वपूर्ण साहित्यिक कृतिका रूपमा आएको छ । यस खण्डकाव्यमा धेरैजसो प्राकृतिक बिम्बहरूको धेरै प्रयोग भएको छ । अन्य बिम्बहरूभन्दा ' फूल' बिम्बको धेरै प्रयोग भएको छ । 'फूल' बिम्बले नायिका मुनाको सुन्दरतालाई झल्काएको छ । जस्तै : "मासुको फूल बैलेर जान्छ मट्टीमा मिल्दछ" भन्ने बिम्बले विश्लेषणको विशेष्यका रूपमा

प्रयोग हुँदा दार्शनिकताको बोध गराएको छ । यसै गरी मुनाका सुन्दर–सुकुमोल स्वरूप र सङ्कटापन्न अवस्थालाई झल्काउन यस खण्डकाव्यमा यी अन्य प्राकृतिक बिम्बहरूको प्रयोग गरिएको छ । जस्तै : कोइली, जून, बत्ती, गुलाब र चन्द्रमा आदि रहेका छन् । नायकको चारित्रिकसँग सम्बन्धित भएर कुरा गर्दा यस खण्डकाव्यमा चखेवा, भमर जस्ता प्राकृतिक बिम्बहरूको प्रयोग गरिएको छ । मदन भोटतिर जादा वर्तमानकालिन पछि शरदकाल र भोटबाट घर फर्कदा वशन्तकालिन समयको सङ्केत गरेको छ । सामाजिक र प्राकृतिक बिम्ब अन्तर्गत

"वैलिदो फूल झन् हुन्छ राम्रो शरद्को समीपमा"
(मुनामदन, १९९२, प.१२)
"बुहारी मेरी ! शीतको सप्ना पिर्दैन खराब"
(मुनामदन, १९९२, पृ. १७)

यस खण्डकाव्यमा मुख्य प्रतीकका रूपमा रहेका 'मन' र 'आत्मा' अनि 'धन' र 'शरीर' को प्रयोग गरिएको छ । यी प्रतीकको प्रयोगका माध्यमबाट खण्डकाव्यमा मानवजीवनका सुखदुःखका स्थितिको अभिव्यञ्जन गरिएको छ । मानवको सन्तोष र आत्मीक शुद्धताले गर्दा पारलौकिकमा जीवन सुखहुने र धन लोभले एवं शारीरिक अपवित्रताले मानिसको ऐहलौकिक र पारलौकिक जीवन बर्बाद हुने कुरा यस खण्डकाव्यमा उल्लेख गरिएको छ । यस खण्डकाव्यमा धनलाई सामान्य 'हातको मैला' भनिएको र 'धन' भन्ने कुरा सोझाको सराप , असलको विलाप, दुष्टको अभय हो भन्ने कुरा पनि उल्लेख गरिएको छ । धनको लोभले गर्दा मुना र मदन जस्ता सच्चा नागरिकको जीवन बर्बाद हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ। यस खण्डकाव्यमा 'सहर' जङ्गल लाई पनि प्रतीकका रूपमा उल्लेख गरिएको छ। सहरभित्र फुलेको फूल दृष्टिको शिकार बन्दछ र सहरमा मानिसका बाटामा मानिसले नै काँडा छरिदिन्छ भन्ने खालको चित्रण गरी यस खण्डकाव्यमा सहरिया विकृतिप्रति व्याङ्ग्य गर्दै सहरिया परिवेशलाई मानवीय राम्रोसँग जीवन बिताउन सहज नभएको कुरा उललेख गरिएको छ । जङ्गलको छेउमा बसोबास गर्ने भोटे परोपकारीको मुहान भएको कुरा उल्लेख गरिएको छ । प्रकृतिललाई मानवताको खानीका रूपमा पनि लिइएको छ । यस खण्डकाव्यमा धनप्रति भोटेले देखाएको महत्त्वहिनतालाई प्रथमिकता दिदै प्रकृति र मानवीय मूल्यमान्यताको संरक्षण गरेको छ ।

यस खण्डकाव्यमा अन्य अन्य अलङ्करणका प्रवृतितर्फ हेर्दा प्रकृतिको मानवीकरण गर्ने ('उठेरदेखे भेडाको भुवा ओढेको चन्द्रमा' 'प्रकृति' 'चन्द्रमा' स्त्रीत्वको आरोप) र मानवप्रकृतितादालाई झल्काउने पृथिवी वारी पृथिवी पारी ती मुना अझ छिन फूलमा हाँसिन्छ, जलमा नाचिन्छ, तारामा चम्किन्छ । मृत मानव मुनाको प्रकृतिका 'फूल''जल' 'तारा' सँगको तादाम्य) स्वच्छन्दतावादी चेत र 'समासोक्ति' वा 'व्यक्तिविधान' अलङ्कारका शिल्पप्रविधिको आकर्षक प्रयोग भएको देखिन्छ ।

यसरी बिम्ब, प्रतीक र अन्य अलङ्करणका प्रविधि प्रयोगको दृष्टिले 'मुनामदन' खण्डकाव्य विविधतायुक्त एवं उत्कृष्ट रहेको छ ।

## भाव र विचार

प्रस्तुत खण्डकाव्यको मुख्य विषय नायक नायिकाका जीवनका भोगाइहरूनै दुःखान्त विषयहरूहुन् । यसको मुख्य भाव भनेको नै श्रीमान् श्रीमतीबीचको प्रेम, सासू बुहारीबीचको प्रेम, दिदीभाइ बीचको प्रेम व्यक्त गरिएको छ । आर्थिक लोभका कारणले पूरै परिवारलाई दुःखको खाडलमा पुऱ्याएको छ र पूरै परिवार नै समाप्ततिर जाँदा खण्डकाव्य दुःखान्त बन्न पुगेको छ । खण्डकाव्यको सुरुमा मुना र मदनको बिछोड हुदा विप्रलम्भ शृङ्गार, वीर, भयानक, रौद्र र शान्त रसहरूदेखापरेका छन् भने मुना र मदनको भेटमा सम्भोग शृङ्गार रस देखापरेको छ । मदन भोटतिर जान लाग्दा मुनाले मदनलाई भन्छिन् मलाई एक्लै घरमा नछोडनुहोस् भन्दा मदनले भन्दछ कि गरिछाड्यो कि मरिछाड्यो मर्दको इरादा भन्ने कथनले मदनमा उत्साहभाव जागृत भएको छ । मदनले आफू ल्हासामा रहेको समयमा मुनाका लाम्चिला आँखा सम्झिनुलाई विप्रलम्भ शृङ्गार रस देखापरेको छ । मदनलाई हैजा लागेको समयमा राती जङ्गलमा आगोका झिल्का आफूतिर आएकोमा भयानक रस देखापरेको छ। यसरी यस खण्डकाव्यको बीचबीचमा रति, उत्साह, भय तथा क्रोध स्थायी भावहरूआएका छन् । खण्डकाव्यका बीचबीचमा विभिन्न भावहरू देखापरे तापनि काव्यको अन्त्यमा आएर आमा, मुना र मदनको मृत्यु भएको घटनामा शोकभाव जागृत भई करुण रस परिपाकमा पुगेको छ। सबै रसहरूका स्थायीभावहरू देखा परे तापनि सबै रसहरूले करुण रसलाई विन्यास गर्दै करुण रसलाई अङ्गी रस तुल्याई परिपाकमा पुऱ्याएको छ । जसका कारण आँसुले सबैका आँखाको धुलो पखाली सबैमा सन्नाटाको क्षणले स्तप्ध तुल्याएको छ ।

### बद्ध वा मुक्त लय

प्रस्तुत खण्डकाव्यमा नेपाली लोकजीवनमा लोकलयका रूपमा प्रचलित रहेको झ्याउरे लयको प्रयोग गरिएको छ । यस खण्डकाव्यमा प्रयोग गरिएका झ्याउरे लयका प्रत्येक पङ्तिमा स्रोह अक्षर भएको लय विधानको प्रयोग गरिएको छ । जस्तै :

हा त का मै ला सु न का थै ला के ग र्नु ध न ले
१ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६

यस स्रोह अक्षरले लोकलयका प्रत्येक हरफमा प्रथम पाँच अक्षर पछि पहिलो विराम वा अडान त्यपछि अरु पाँच अक्षर (दशौं अक्षर) मा दोस्रो विराम र अन्तिममा छ अक्षरको विरामका आधारमा लयगत नियम रहेको छ ।

## शीर्षकको सार्थकता

यस खण्डकाव्यको शीर्षक मुनामदन राखिएको छ । मुना यस खण्डकाव्यकी प्रमुख नारी पात्र हो भने मदन यस खण्डकाव्यको प्रमुख पुरुष पात्र हो । यसरी यस खण्डकाव्यका प्रमुख पुरुष पात्र र प्रमुख नारीपात्रका नामलाई समान महत्त्व दिइएर नाम पदबीच द्वन्द्व समासका माध्यामद्वारा यस खण्डकाव्यको शीर्षक निर्माण गरिएको छ । काव्यमा प्रयोग भएका नायक नायिकाको नामबाट शीर्षक राख्ने कविले यस काव्यमा मात्र नभएर 'राजकुमार प्रभाकर' 'लूनी' 'कुञ्जिनी' जस्ता खण्डकाव्यहरूमा पनि राखिएको छ। पात्रका माध्यमद्वारा शीर्षक राख्ने प्रवृति स्वरूप मुनामदन आएको हो। मुनामदनलाई रतिरागात्मक र प्रतीकात्मक स्वरूप व्याख्या गरिएको छ । मदन धनवादीका रूपमा देखा पर्दछ भने मुना धनलाई महत्त्वहिन ठान्ने आदर्शवादी र मानवतावादी प्रतीकका रूपमा देखा परेकी छ। अन्त्यमा गएर मदनको धनवादी विचार परास्त हुन्छ भने मुनाको आदर्श र मानवतावादको विजय भएकोले यसको शीर्षक प्रतीकात्मक रूपमा सार्थक नै रहेको छ ।

## निष्कर्ष

प्रस्तुत खण्डकाव्य देवकोटाले रचना गरेका खण्डकाव्यहरूमध्ये पहिलो 'मुनामदन' हो । यसको प्रकाशन वि.स.१९९२ सालमा भएको हो। यो नेपाली लोकलयमा रचना गरिएको उत्कृष्ट एवं लोकप्रिय खण्डकाव्य हो । काठमाडौं उपत्यकामा रहेका नेवारी समुदायको लोककथाको स्रोतबाट विषयवस्तु आएको छ भने कथावस्तु देवकोटाले आफै कल्पेका प्रशस्त घटना, पात्र र परिवेशको संयोजकको मिश्रण रहेको छ। धन भनेको हातको मयल हो र सन्तोषी मनको जीवन नै सुन्दर र आनन्द हुन्छ भन्ने कुरा केन्द्रीय कथ्य बनेर आएको छ। यस खण्डकाव्यमा मिश्रित आख्यनका मार्मिकता र नेपाली लोकलयका मिठासको सुन्दर समन्वय भएको छ। यस खण्डकाव्यमा खण्डकाव्यका जीवन अनुरूपका एकांशलाई झल्काउने खालका आख्यान तत्त्वको प्रयोग भएको छ । यसमा स.रचना कौशल पनि आएको छ । छत्तीस पृष्ठमा रहेको यस खण्डकाव्यको आयम अपेक्षा अनुसार कै रहेको छ । यो खण्डकाव्य एक कवितात्मक पङ्क्तिमा सोह् अक्षर भएका नेपाली लोकलय अनुरूपका अनुप्रासका श्रुतिमाधुर्यले भरिभराउ भएर रचना गरिएको छ। यस खण्डकाव्यमा प्रायजसो सुकोमल, सन्तुलित, श्रुतिमधुर, सरल, आकर्षक र प्रभावकारी रूपमा प्रयुक्त भएको छ। यस खण्डकाव्यमा विभिन्न भाव विचारलाई अनेकौं बिम्बप्रतीक एवम् अन्य अलङ्करणका प्रविधिहरूले समेत खण्डकाव्यलाई प्रभावकारी बनाएको छ । यस खण्डकाव्यमा प्रेमकथाको दुःखान्ततालाई संयोग र विप्रलम्भ श्रृङ्गारका साथै वीर, भयानक एव रौद्र रस भावको परिवेश समावेश भएको छ र करुण रसलाई परिपाकको अवस्थामा पुऱ्याएको छ । खण्डकाव्यका स्तर समापनका आधारमा हेर्दा उच्च श्रेणीको खण्डकाव्य रहेको छ जसमा शैलीगत न्यून कसर रहेको खण्डकाव्यात्मक गहिराइ, लमाइ, आव्यानात्मक प्रबन्धको परिपाकपूर्ण कविता संरनालाई समावेश गर्दै लय, भाव विम्बालङ्कार व्यञ्जनाहरू परिपाकको अवस्थामा पुगेर कवित्व शक्तिको उच्च स्थान लिइएको छ ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्राज (२०३१). *पूर्वीय समालोचना सिद्धान्त.* ललितपुर : साझा प्रकाशन ।

अवस्थी, महादेव (२०६१). *लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता.* काठमाडौँ : एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा.लि. ।

उपाध्याय, केशवप्रसाद (२०५९). *साहित्य प्रकाशन.* ललितपुर : साझा प्रकाशन ।

गौतम, कृष्णप्रसाद (२०६८). *देवकोटा प्रबन्धकाव्य.* ललितपुर : साझा प्रकाशन ।

चापागाई, नरेन्द्र (२०३८). *केही कृति : केही प्रकृति.* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५२). *कविता, विद्यागत चिनारी, नेपाली कविता भाग ४.* ललितपुर : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२००२). *मुनामदन.* तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

पाण्डे, नित्यराज (२०६६). *महाकवि देवकोटा.* ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह, (२०५२). *साझा समालोचना.* ललितपुर : साझा प्रकाशन